८५ औ बैठक

आज मिति २०७७ साल फाल्गुण १८ गते मंगलबारका दिन बिहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गको अध्यक्षतामा शुक्लागण्डकी नगरपालिका वडा नं १ थप्रेकमा बसी मा तपसील बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

श्री किसान गुरुङ्ग, नगर प्रमुख, अध्यक्ष(नगर कार्यपालिका)
श्री सबिता रसाईली, नगर उपप्रमुख, सदस्य(नगर कार्यपालिका)
श्री रवि चन्द्र पौडेल, सदस्य(नगर कार्यपालिका)
श्री जगत बहादुर गुरुङ्ग, सदस्य(नगर कार्यपालिका)
श्री राम कुमार श्रेष्ठ, सदस्य(नगर कार्यपालिका)
श्री शिब कुमार श्रेष्ठ, सदस्य(नगर कार्यपालिका)
श्री दिर्घ बहादुर थापा, सदस्य(नगर कार्यपालिका)
श्री कृष्ण बहादुर पौडेल, सदस्य(नगर कार्यपालिका)
श्री राम बहादुर क्षेत्री थापा, सदस्य(नगर कार्यपालिका)
श्री कृष्ण प्रसाद रेग्मी, सदस्य(नगर कार्यपालिका)
श्री लोक नारायण श्रेष्ठ, सदस्य(नगर कार्यपालिका)
श्री रामचन्द्र भण्डारी, सदस्य(नगर कार्यपालिका)
श्री राजेन्द्र भट्टराई क्षेत्री, का. वा. वडा अध्यक्ष वडा नं. १०
श्री दल बहादुर थापा, सदस्य(नगर कार्यपालिका)
श्री मनराज गुरुङ्ग, सदस्य(नगर कार्यपालिका)
श्री दानु अधिकारी सापकोटा, सदस्य(नगर कार्यपालिका)
श्री गिता महत, सदस्य(नगर कार्यपालिका)
श्री विष्णुमाया ढकाल लम्साल, सदस्य(नगर कार्यपालिका)
श्री रिता कुमारी भुजेल, सदस्य(नगर कार्यपालिका)
श्री सानुमाया महत, सदस्य(नगर कार्यपालिका)
श्री कुल बहादुर भुजेल, सदस्य(नगर कार्यपालिका)
श्री खिम बहादुर कुमाल, सदस्य(नगर कार्यपालिका)
श्री भरत लामगादे, सदस्य(नगर कार्यपालिका)
श्री गंगालाल सुवेदी, प्र.प्र अधिकृत एवम् सचिव(नगर कार्यपालिका)

Scanned with CamScanner

आमन्त्रित :

श्री मोहम्मद जब्बर मिया, वडा सदस्य वडा नं. १

श्री सुशीला कुवर " " " "

श्री हिमकुमारी वि.क. " " " "

श्री रंजित गुरुङ " " " "

अन्य उपस्थिति :

श्री नवराज चापागाई,उपसचिव(शिक्षा) ,शाखा प्रमुख शिक्षा युवा तथा खेलकुद

श्री लक्ष्मण लम्साल, प्रशासन शाखा प्रमुख

Scanned with CamScanner

निर्णय नं. १ :

चालु आ.ब २०७७/७८ का लागि शिक्षातर्फ नगरपालिकालाई प्राप्त शशर्त रकम देहायबमोजिम गर्ने :

१. विद्यालय भौतिक पूर्वाधार निर्माण तर्फ ध्वकज सुविधा भएको शौचालय निर्माणका लागि देहाय बमोजिम विद्यालय छनोट गर्ने ।

क. गाउँफर्कोदय मा.वि. वडा नं. ८, गणपतिटार रु ७ लाख,

ख. महेन्द्र मा.वि.,वडा नं. ११, पिपलछाप रु ७ लाख,

ग. शारदा प्रा.वि. वडा नं. ९, गुर्दुम रु ७ लाख

२. विद्यालय भौतिक पूर्वाधार निर्माण तर्फ नमुना विद्यालय पञ्चमुनिदेव मा.वि. लाई भौतिक सुधार गुरुयोजना अनुरूप निर्माणका लागि विद्यालयबाट कार्यक्रम प्रस्ताव माग गर्ने । प्रस्ताव मूल्याङ्कन गरी स्वीकृत भएपछि सो बमोजिम कार्यान्वयन गर्ने गराउने ।

३. तोकिएको सूचकाङ्कको आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान वितरणका लागि कम्तीमा १५ दिनको म्याद राखी अनुदान प्राप्त गर्न चाहने विद्यालयहरूबाट विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लिखित कार्यसम्पादन मूल्याङ्कन सूचक प्रस्ताव आह्वान गर्ने ।

४. उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित अनुदान वितरणका लागि कम्तीमा १५ दिनको म्याद राखीकक्षा ८, १० र १२ को परीक्षाको नतिजा, शिक्षक उपस्थिति, सिकाई उपलब्धि, कक्षा दोहोर्यारउने दर, विद्यालय बाहिरको बालबालिकाको अवस्था समेत १०० पूर्णाङ्कको मापदण्ड तयार गरी प्रस्ताव आह्वान गर्ने ।

५. माध्यमिक विद्यालयमा पुस्तकालय अनुदानका लागि देहाय बमोजिमका विद्यालय छनोट गर्ने ।

क. सरस्वती मा.वि. वडा नं. १,थप्रेक रु.६,५०,०००/-

ख. अमरज्योति मा.वि. वडा नं. १ तल्लीपोखरीरु.६,५०,०००/-

ग. दिवस मा.वि. वडा नं ३ उदेनढुङ्गा रु.६,५०,०००/-

घ. महेन्द्र मा.वि. वडा नं. ११ पिपलछाप रु.६,५०,०००/-

किशान गुरुङ
नगर प्रमुख

Scanned with CamScanner

६. मा.वि.मा विज्ञान प्रयोगशाला अनुदानका लागि तपसिलका विद्यालयबाट खरिदका लागि आवश्यक सामाग्रीहरुको सुची माग गरी सोमध्येबाट कार्यालयले निर्णय गरेका समाग्री खरिद गर्ने देहाय बमोजिमका विद्यालय छनोट गर्ने ।

क. तालवेसी मा.वि., वडा नं. ९, तालवेसी रु.६,५०,०००/-

ख. आधारभूत मा.वि. वडा नं. ११ साँखे रु.६,५०,०००/-

ग. राजपुर मा.वि. वडा नं. ११, राइपुर रु.६,५०,०००/-

७. माध्यमिक विद्यालयमा कम्प्युटर ल्याव अनुदानका लागि देहाय बमोजिम विद्यालयबाट खरिदका लागि आवश्यक सामाग्रीहरुको सुची माग गरी सोमध्येबाट कार्यालयले निर्णय गरेका समाग्री खरिद गर्ने गरी देहाय बमोजिमका विद्यालय छनोट गर्ने ।

क. हंसवाहिनी मा.वि. वडा नं. २, एकलेखेत

ख. शहिदकृष्ण मा.वि.वडा नं. ३, कवासे

८. गणित, विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री अनुदानका लागि लागि देहाय बमोजिम विद्यालय छनोट गर्ने ।

क. आधारभूत मा.वि., वडा नं. ११, साँखे रु.५०,०००/-

ख. राजपुर मा.वि. वडा नं. ११, राइपुर रु. ५०,०००/-

ग. जनप्रेमी मा.वि. वडा नं. १२, लामागाउँ रु. ५०,०००/-

घ. सूर्य आधारभूत विद्यालय वडा नं. १० लोकदीटार रु. ५०,०००/-

९. नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान: रु. ५०,००,०००/- का लागि पञ्चमुनिदेव माध्यमिक विद्यालयबाट कार्यक्रम प्रस्ताव माग गर्ने । प्रस्ताव मूल्याङ्कन गरी स्वीकृत भएपछि सो बमोजिम कार्यान्वयन गर्ने गराउने ।

**निर्णय नं.२ :**

कक्षा १-५ सञ्चालित शान्तिवर्ष प्रा.वि. वडा नं. १० बाङराङमा ३ शिक्षक दरबन्दीमध्ये २ दरबन्दी रिक्त भएको कारण पठनपाठनमा समस्या भएकोले तत्काल कम्तीमा १ जना शिक्षक व्यवस्थापन गर्न जनप्रेमी मा.वि. वडा नं. १२, लामागाउँबाट एकशिक्षक दरबन्दी सहित सरुवा व्यवस्थापन गर्ने ।

Scanned with CamScanner

**निर्णय नं. ३ :**

यस वर्षको राष्ट्रपति रनिङ सिल प्रतियोगिता आगामी फाल्गुण २८,२९ र चैत्र १ गते गाउफर्कोदय मा.वि. ढोरफिर्दीमा संचालन गर्ने,साथै प्रतियोगिता सभ्य र भव्य रुपमा संचालनको जिम्मेवारी सम्बन्धित विद्यालयलाई नै प्रदान गर्ने ।

**निर्णय नं. ४ :**

२०७७ साल चैत्र १३,१४ र १५ गते गण्डकी प्रदेशभरका पालिकास्तरिय मेयर कप भलिबल प्रतियोगिता संचालन गरी भव्य रुपमा सम्पन्नका लागि देहायबमोजिम कार्य गर्ने :

क)मेयरकप भलीबल प्रतियोगिता २०७७ को व्यवस्थापन समिति देहावमोजिम गठन गरि प्रतियोगिता संचालन तथा व्यवस्थापनको जिम्मा प्रदान गर्ने :

| | |
|---|---|
| श्री दिर्घबहादुर थापा | संयोजक |
| श्री संजित गुरुङ्ग | सदस्य |
| श्री सन्तोष श्रेष्ठ | सदस्य |
| श्री किसान गुरुङ्ग | सदस्य |
| श्री ज्योतिप्रकाश तिमल्सेना | सदस्य सचिव |

क) पुरस्कार रकम (पालिकास्तरीय भलीवल प्रतियोगीता)

- प्रथम पुरस्कार रु १.५ लाख,
- दित्तिय पुरस्कार रु १ लाख,
- तृतीय पुरस्कार रु ५० हजार
- सान्त्वना पुरस्कार रु २५ हजार

**निर्णय नं.५ :**

आ.ब ०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको सुशासन अन्तर्गत सि.नं. ३ मा कार्यालयका लागि सवारी साधन खरिद मोटरसाईकल ५ थान र स्कुटर १ थान का लागि रु १४६००००।०० विनियोजन भएकोमा उक्त कार्यक्रमवाट तपशीलका शाखाहरुको लागि तपसिलमा उल्लेख गरेबमोजिमको सवारी साधनको प्रकार र क्षमताको लागि मेकानिकल ईन्जिनियरबाट प्राविधिक स्पेशिफिकेशन तयार गरी खरिद कारवाही अगाडि बढाउने ।

किसान गुरुङ्ग
नगर प्रमुख

Scanned with CamScanner

| क्र.स | शाखा | सवारी साधनको प्रकार | सवारी साधनको क्षमता | संख्या |
|---|---|---|---|---|
| १ | राजश्व | मोटरसाईकल | १२५ सिसि ± ५ | १ |
| २ | योजना | मोटरसाईकल | १२५ सिसि ± ५ | १ |
| ३ | प्राविधिक | मोटरसाईकल | १६० सिसि ± ५ | १ |
| ४ | प्रशासन | मोटरसाईकल | १६० सिसि ± ५ | १ |
| ५ | कृषि | मोटरसाईकल | १२५ सिसि ± ५ | १ |
| ६ | लेखा | स्कुटर | ११० सिसि ± ५ | १ |

**निर्णय नं. ६ :**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि आवश्यक औजार कन्टिन्जेन्सी कोषबाट खर्च लेख्ने गरी खरिद गर्ने ।

**निर्णय नं. ७ :**

शु.न.पा वडा नं १० स्थित शिवलाल रसाईलीको एग्रो प्रालिमा जाने बाटो अवीरल वर्षाको कारण क्षति भएकोले उक्त स्थानको ढल निकासका लागि २ वटा ह्युम पाईपको मुल्य रु २८०००।– प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तान गर्ने ।

**निर्णय नं. ८ :**

राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा सेवा पुर्याउने वालीबस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालनको लागि प्रमुख प्रशासकीय अधिकृत संयोजक रहेको प्राविधिक समिति मार्फत सिफारिस भै आएका तपसिल बमोजिमका वाली/बस्तु हरुमा कार्यक्रम संचालन गर्ने ।

क) भगवती पौवा कृषक समुह,शुनपा वडा नं. १० मा प्लाष्टिक घरमा गोलभेडा खेती कार्यक्रम संचालन गर्ने,

ख) काउरे कृषक समुह,शुनपा,वडा नं. ७ मा मकै खेती कार्यक्रम संचालन गर्ने,

ग) रातामाटा बहुउद्धेश्यीय कृषक समुह शुनपा १२ मा बाखाको पकेट कार्यक्रम संचालन गर्ने ।

किशन गुरुङ
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं.९ :

सातौ नगरसभाले वडागत रुपमा खानेपानीका लागि विनीयोजन गरेको रकम सम्बन्धित वडा समितिले वाडफाड गरी संझौता भई कार्यसम्पन्न भएका योजनाको नियमानुसार भुक्तानी गर्ने ।

निर्णय नं. १० :

वडा नं. १ का समुदायका आधारभूत मागलाई देहायअनुसार सम्बोधन गर्ने :

- फुटकर योजना नगरपालिकाभर वाट खर्च लेख्ने गरी देहायको रकम भुक्तानी गर्ने :
  - आदर्श आमा समुह लाई ४ वण्डल जस्तापाताको रकम,
  - सरास्वती आमा समुहलाई ७ बण्डल जस्तापाता
  - गुरुङ्ग समाधी स्थानलाई सोलार सहितको ट्रस निर्माणका लागि रु २ लाख,
- सामाजिक विकास तर्फ शिक्षाको लागि विनीयोजन गरेको विद्यालय सुधार योजना कार्यान्वयन अनुदानबाट वेहोर्ने गरी देहायको रकम विनियोजन गर्ने
  - मातृजागृति प्रा.वि काप्रेक तारवारको लागि रु २ लाख,
  - मदर्शा विद्यालय तारबारको लागि रु १ लाख ५० हजार ।
- चण्डीमैदान धारापानी खानेपानी निर्माणका क्रममा पहरो काट्नुपर्ने भएको हुदा पाईप खरिदको लगत ईष्टिमेट संशोधन गरी पहरो कटान कायम गरी योजनाको भुक्तानी गर्ने ।

निर्णय नं. ११ :

शुक्लागण्डकी नगरपालिका वडा नं. ८ मा गाउफर्कोदय मा.विको लाईब्रेरी कोठामर्मत र भर्याङमा टायल र प्लाष्टर गरेको कार्यवापतको रु १ लाख ५० हजार ामाजिक विकास तर्फ शिक्षाको लागि विनीयोजन गरेको विद्यालय सुधार योजना कार्यान्वयन अनुदानबाट वेहोर्ने गरी रकम भुक्तानी गर्ने ।

निर्णय नं. १२ :

युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना अन्तर्गत वडा नं. ९ को गुर्दुमदेखि ढोरमुलकोटसम्म पैदलमार्ग मर्मत योजना संशोधन गरी कमदी हुदै बर्नेकुना खानेपानी कुवासम्म सिढी तथा गोरेटो बाटो कायम गर्ने ।

Scanned with CamScanner